प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

वर्ष-१६ ।। अङ्क : ७१ ॥ २०८१ वैशाख ०६ गते बिहिवार (18th Apr 2024 Thursday)
Pratidin National Daily
मूल्य-रु.५/-

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com

विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

विराटनगरको तनाव नियन्त्रणमा लिन हवाई फायर र अश्रुग्याँस प्रहार

झापा(प्रस) । दुई समूहबीच विवाद भएपछि विराटनगरको रानी क्षेत्र तनावग्रस्त भएको छ । राम नवमीको अवसरमा एउटा समूहले निकालेको ऱ्यालीलाई विराटनगर १५ मा अर्को समूहले अवरोध गरेपछि झडप भएको हो ।

बुधबार दिउँसो अवरोधपछि सुरू भएको विवाद बढेपछि रानी क्षेत्र तनावग्रस्त भएको थियो । स्थिति नियन्त्रणमा लिनका लागि प्रहरीले केही राउण्ड हवाई फायर र केही सेल अश्रुग्यास पनि प्रहार गरेको मोरङ प्रहरी उपरीक्षक नवराज कार्कीले बताए ।

स्थानीयबासीका अनुसार विराटनगरको १५ र १७ को बीचमा रामनवमीको सन्दर्भमा एउटा समूहले ऱ्यालीलाई अवरोध भएपछि विवाद बढेको थियो । रानी क्षेत्रमा प्रहरीको बाक्लो उपस्थिति रहेको थियो । विराटनगरका हिन्दु धार्मिक संघ संस्थाले निकालेको ऱ्यालीमा अवरोध भएपछि झडपको स्थिति सिर्जना भएको थियो ।स्थिति नियन्त्रणमा लिनका लागि प्रहरीले बल प्रयोग गरेर दुवै समूहलाई तितरबितर पारेको मोरङ प्रहरीले जनाएको छ । दुवै समूह तितरबितर भएपछि अवस्था सामान्य हुँदै गएको छ ।

बालकसहित ५ प्रहरी घाइते

झापा(प्रस) । विराटनगर महानगरपालिका वडा नम्बर-१५ र १७ मा बुधबार दिउँसो दुई समुदायबीच भएको दोहोरो झडपमा १२ वर्षीय एक बालकसहित ५ प्रहरी घाइते भएका छन्। उनीहरुको विभिन्न अस्पतालमा उपचार भइरहेको छ।

दुई समुदायबीच दोहोरो झडप हुँदा रानी क्षेत्र तनावग्रस्त बनेपछि स्थितिलाई नियन्त्रणमा लिन ७ राउण्ड हवाई फायर र २७ सेल अश्रुग्याँस प्रहार गरिएको मोरङ प्रहरीले जनाएको छ।

स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले बल प्रयोग गर्नुपरेको बताउँदै, मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले भने, 'झडपलाई नियन्त्रणमा लिन हवाई फायर, अश्रुग्याँस प्रहार गर्नुका साथै लाठी प्रहार गरेर स्थितिलाई नियन्त्रणमा लिनु परेको हो। अहिले त्यस क्षेत्रमा नेपाल र सशस्त्र प्रहरी व्यापक रुपमा परिचालन गरिएको हुँदा स्थिति नियन्त्रणमा आइसकेको

❖ बाँकी तेस्रो पृष्ठमा

शिक्षक महासंघको अध्यक्षमा खरेल निर्वाचित

झापा(प्रस)। शिक्षकहरुको साझा संगठन नेपाल शिक्षक महासंघ झापाको अध्यक्षमा नेत्रप्रसाद खरेल निर्वाचित भएका छन् । महासंघको दोस्रो जिल्ला अधिवेशनबाट नेपाल शिक्षक संघका पूर्व अध्यक्षसमेत रहेका खरेल अध्यक्षमा निर्वाचित भएका हुन् । नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिले तोकेको प्रतिनिधि तथा जिल्ला निर्वाचन समितिका संयोजक निर्मला कोइरालाको संयोजकत्वमा निर्वाचन समिति गठन भएको थियो ।सोही निर्वाचन समितिले महेन्द्ररत्न माध्यमिक विद्यालयमा बुधवार नयाँ समिति घोषणा गरेको हो । महासंघले निर्धारण गरेको आचारसंहिता र कार्यविधि अनुसार विभिन्न शिक्षक घटकहरुबाट नयाँ समिति गठन गरिएको निर्वाचन समितिकी संयोजक कोइरालाले बताइन् ।

उनले फागुन २२ गते जिल्लाका १५ वटै पालिकामा महासंघको एकाइ गठन भइसकेको र यही बैशाख १० गतेदेखि काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्नुपर्ने भएकाले सबै शिक्षक संघ संगठनसंगको सल्लाहमा महासंघको जिल्ला नेतृत्व गठन गरिएको जानकारी दिइन् । महासंघको जिल्ला नेतृत्व चयन भएपनि सबै संगठनहरुले नाम नदिएका कारण समितिले पूर्णता पाइसकेको छैन । हालसम्म सहअध्यक्षमा विश्वनाथ राजवंशी , सहसचिवमा टिकाराम खवास , सहसचिव (महिला) शारदा प्रसाई पाठक तथा सदस्यहरुमा रत्नबहादुर कटुवाल , मित्र खनाल , साहिद हुसैन , कुमारी उषा अधिकारी , सोमनाथ गुरागाँई र प्रकाशचन्द्र गौतम चयन भएका छन् ।त्यस्तै संस्थागत सहसचिवमा राजेन्द्रप्रसाद प्रसाई र विष्णुप्रसाद भट्टराई रहेका छन् भने राष्ट्रिय महाधिवेशन प्रतिनिधिमा महेन्द्र विलास लुइटेल , धर्मानन्द निरौला , हरि सुवेदी , इन्दिरा कँडेल चुडाल , सरिता चेम्जोङ, प्रदेश महाधिवेशन प्रतिनिधिमा लेखनाथ पौडेल , हरि पोखरेल , जीतलाल चौधरी , गोृविन्द काफ्ले , लक्ष्मण राजवंशी र गीतासरी राजवंशी चयन भएका छन् । निर्वाचन समिति संयोजक निर्मला कोइरालाको अध्यक्षता तथा शिक्षक महासंघको राष्ट्रिय समितिका पदेन सदस्य रमाकान्त चौधरीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल शिक्षक संघका अध्यक्ष तोयानाथ दाहाल , एकीकृत अखिल नेपाल शिक्षक संगठनका अध्यक्ष रविन्द्र मैनाली , नेपाल शिक्षक परिषदका अध्यक्ष टंक कटुवाल , प्रगतिशील नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष ज्ञानेन्द्र ढुंगाना , संघीय शिक्षक फोरमका अध्यक्ष सिताराम यादव, नेपाल विद्यालय कर्मचारी परिषदका अध्यक्ष चन्द्र प्रसाईले शुभकामना मन्तव्य राखेका थिए । नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष द्रोणबहादुर श्रेष्ठ भने कार्यक्रममा अनुपस्थित रहेका थिए । कार्यक्रममा नवनिर्वाचित अध्यक्ष खरेलले प्रतिवद्धता मन्तव्य राखेका थिए । रविन्द्र मैनालीले स्वागत गरेको कार्यक्रमको संचालन शिक्षक महासंघ बिर्तामोडका अध्यक्ष युवराज कट्टेलले गरेका थिए ।

हात्ती छेक्ने सोलार फेन्सको भविष्य

झापा(प्रस)। समुदायलाई हस्तान्तरण नगर्दै झापामा जडान गरिएका अफसेट सोलार फेन्स (विद्युतीय सौर्य तारबार) ठाउँ ठाउँमा भत्किसकेका थिए । जंगली हात्तीलाई छेक्न उत्तम उपायको रुपमा रहेको सोलार अफसेट फेन्स अब समुदायलाई हस्तान्तरण गरिसकेपछि यसको संचालन र मर्मत संभारको विषय थप चुनौतीको रुपमा देखिएको छ । मानव-हात्ती द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले झापामा हालसम्म ७६.३९ किलोमिटर अफसेट सोलार फेन्स जडान गरिएको छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोषको रेखदेखमा जडान गरिएको अफसेट सोलार फेन्सको जिम्मा पालिकाअन्तर्गतका सामुदायिक वन उपभोक्ता समूहलाई प्रदान गरिएको छ ।

डिभिजन वन कार्यालय झापाले मंगलबार एक कार्यक्रमकाबीच भद्रपुर, कचनकवल, हल्दिबारी, बाह्रदशी र मेचीनगरमा रहेका २७ वटा सामुदायिक वन उपभोक्ता समूहलाई सोलार अफसेट फेन्सको फारम हस्तान्तरण गरेको हो । राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव शरदचन्द्र अधिकारीले सोलार फेन्सको फारम डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईलाई हस्तान्तरण गरेका थिए । त्यसपछि डिभिजन वन कार्यालयले सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीलाई फारम हस्तान्तरण गरेको थियो ।

प्रकृति संरक्षण कोषले १० करोड ४० लाख ६६ हजार रुपैयाँको लागतमा मेचीनगरको तिरिङदेखि नकलबन्दासम्म १८ किलोमिटर, चारकोशे जलथल जंगलको रणकालीदेखि विशाल सामुदायिक वनसम्म पहिलो चरणमा ३५ किलोमिटर, दोस्रो चरणमा विशालदेखि काली मन्दिर सामुदायिक वनसम्म ६ किलोमिटर र चारआली जंगलको काली मन्दिरदेखि सैनिक ब्यारेकसम्म १७ किलोमिटर सोलार फेन्स जडान गरेको हो । निर्माण सम्पन्न भएर वन समूहको जिम्मामा आएका सोलार फेन्सको सुरक्षा गर्न वन समूहको सक्रियता जरुरी देखिएको छ । त्योसंगै मर्मत तथा सञ्चालनको प्राविधिक जिम्मेवारीमा कठिनाई हुने कुरा वन उपभोक्ता समूहका सदस्यहरुले महसुस गरिसकेका छन् । यसअघि नै जडान गरिएका सोलार फेन्सको मर्मत सम्भार, रेखदेख र व्यवस्थापनमा चुनौती देखा परेको थियो । जसका कारण मानव-हात्ती द्वन्द्व रोकिएको छैन । जडान गरिएका सोलार फेन्सले काम गर्न छाडेपछि जंगलबाट निस्किएका हात्तीले

❖ बाँकी अन्तिम पृष्ठमा

हात्तीलाई तीन राउन्ड गोली हानेर मारेको पुष्टि

झापा(प्रस) ।झापाको मेचीनगरमा मृत अवस्थामा भेटिएको वयस्क हात्तीलाई गोली हानेर मारेको पुष्टि भएको छ । मेचीनगर नगरपालिका-११ स्थित कालिका सामुदायिक वनभित्र मंगलबार दिउँसो साढे ४ बजेको समयमा एउटा हात्ती मृत अवस्थामा फेला परेको थियो । अन्दाजी ४० वर्ष उमेरको वयस्क हात्तीको बुधबार दिउँसो पोस्टमार्टम गर्दा तीन राउन्ड गोली हानेर मारेको कुरा पुष्टि भएको डिभिजन वन कार्यालय झापाका प्रमुख मेघराज राईले बताए ।

'हात्तीको कानको छेउमा गोली प्रहार गरेर मारेको रहेछ,' डिभिजन प्रमुख राईले भने, 'हात्तीको अन्य भागमा गोली छिर्दैन, यो वन्यजन्तु शिकारी गर्ने समूहकै काम हुनुपर्छ, यस बारेमा डिभिजन कार्यालयले अनुसन्धान थालिसकेको छ ।' गोली अझै फेला परेको छैन । पोस्टमार्टम गर्दा तीन वटा गोली कानको छेउबाट दुलो बनाएर शरीरभित्र छिरेको देखिएको छ । गोली हड्डीभित्र

❖ बाँकी अन्तिम पृष्ठमा

अव तपाईहरूकै शहर विर्तामोडमा प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त तपसिल बमोजिमका तालिमहरु संचालन भईरहेको सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

तालिमहरू : (बैदेशिक रोजगार तथा स्वदेशमा नै स्वरोजगार बन्नका लागि)

क्र.स.	संचालनमा रहेका तालिमहरू	अवधि
१.	केयर गिभर (Care Giver)	३९० घण्टा
२.	सहायक अभ्यङ्गकर्ता (Assistant Massage Therapist)	४२० घण्टा
३.	परम्परागत आयुर्वेद कार्यकर्ता (Traditional Ayurved Worker)	३९० घण्टा
४.	शारीरिक पुर्नस्थापना सहायक (Physical Rehabiliation Assistant)	४९० घण्टा

अन्य थप जानकारीको लागि :-
विर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर प्रा.ली.
अष्टाङ्ग आयुर्वेद फार्मेसी
विर्तामोड न.पा. -१, राजगढ स्टेण्ड वाट १०० मिटर दक्षिण
सम्पर्क नं. ०२३-५३२३६६, ९८०६०३४४२६

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरूदण्ड सर्जन
समय: दैनिक सेवा

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

एन्फाका उपाध्यक्ष दावा लामा पक्राउ

झापा(प्रस) । अखिल नेपाल फुटबल संघ (एन्फा) उपाध्यक्ष दावा लामा पक्राउ परेका छन्। एन्फाका उपाध्यक्ष लामा बुधबार काठमाडौंबाट पक्राउ परेका हुन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख सोमेन्द्रसिंह राठौरले लागूऔषध मुद्दामा दोषी ठहर भएका लामालाई पक्राउ गरिएको जानकारी दिएका छन् । उनका अनुसार लामा लागूऔषध मुद्दाका फरार प्रतिवादी हुन्। उच्च अदालत पाटनबाट लामालाई लागूऔषध खैरो हिरोइन बेचबिखनको कसुरमा दोषी ठहर गर्दै ५ वर्ष कैद र ५ हजार रुपैयाँ जरिवानाको फैसला सुनाइएको थियो। लामा कैद र जरिवाना भुक्तान नगरी फरार रहेका थिए।

उनलाई कैद भुक्तानका लागि पक्राउ गरिएको हो। प्रहरीले लामालाई पक्राउ गरेर अदालत पेश गर्ने तयारी गरिरहेको छ।

समूह चरणमा अपराजित रहँदै नेपाल सेमिफाइनलमा

झापा(प्रस)।नेपालले साउदी अरेबियालाई हराउँदै एसीसी प्रिमियर कपमा अपराजित यात्रा कायम राखेको छ। ओमानमा बुधबार भएको खेलमा नेपालले साउदीलाई ६ विकेटले पराजित गरेको हो। यससँगै नेपाल सेमिफाइनल प्रवेश गरेको छ।

वर्षाका कारण पिच प्रभावित भएपछि ८ ओभरमा झारिएको खेलमा साउदीले नेपाललाई ७४ रनको विजय लक्ष्य प्रस्तुत गरेको थियो। नेपालले ७.२ ओभरमा ४ विकेटको क्षतिमा लक्ष्य पूरा गर्‍यो। नेपालका लागि गुल्शन झाले सर्वाधिक अविजित ३२ रन बनाए। उनले १९ बलमा २ चौका र २ छक्का प्रहार गरे। त्यस्तै कप्तान रोहित पौडेलले अविजित १६ रन बनाए। ७ बलमा उनले १ चौका र १ छक्कासहित १६ रन बनाए। त्यस्तै दीपेन्द्र सिंह ऐरीले १७ रन बनाए। ९ बल खेलेका ऐरीले ३ चौका प्रहार गरेका थिए। यसअघि टस हारेर पहिले ब्याटिङ गरेको साउदीले निर्धारित ८ ओभरको खेलमा ७ विकेट गुमाएर ७३ रन बनाएको थियो। साउदीका लागि अब्दुल वाहिदले सर्वाधिक ३७ रन बनाए। अन्य खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन्। नेपालका लागि करण केसी र अविनाश बोहोराले २-२ र ललित राजवंशी र प्रतिश जिसीले १-१ विकेट लिए।

डेंगी नियन्त्रणलाई थप प्रभावकारी बनाउन जोड

ADVANCING THE EFFECTIVENESS OF DENGUE CONTROL
Collaborative Partners
The Malla Hotel
15 & 16 April 2024

झापा(प्रस) । नेपाल सरकार र अन्य सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिहरुले डेंगी नियन्त्रणका कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेकोमा जोड दिएका छन् । काठमाडौंमा भएको विभिन्न देशका विज्ञहरु समेत सम्मिलित डेंगी नियन्त्रण विषयक कार्यशालामा सहभागीहरुले डेंगी नियन्त्रणलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका हुन् ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, अमेरिकी दूतावास, संयुक्त राज्य अमेरिकाको कृषि अनुसन्धान सेवा र सेन्टर फर मलिकुलर डाइनामिक्सले संयुक्त रुपमा गरेको कार्यशालामा विभिन्न देशबाट आएका विज्ञहरुले अनुभव प्रस्तुत गरे ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेल, ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जन, डा. अनुप बाँस्तोला, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका डा. गोकर्ण दाहालगायतले नेपालमा डेंगी नियन्त्रणलाई प्रभावकारी बनाउन चाल्नु पर्ने कदम र विगतका अनुभवहरु सुनाएका थिए ।

स्वास्थ्य सचिव डा. पोखरेलले डेंगी नियन्त्रणका लागि सरकारले चालेको कदम र त्यसको प्रभावकारिताको विषय पर्याप्त हुन नसकेको बताए । उनले डेंगी नियन्त्रणका लागि सरकारले खेलेको भूमिका र भावी कार्ययोजना समेत सुनाए । उनले डेंगी नियन्त्रणलाई सरकारले थप प्रभावकारी बनाउन व्यवस्थित कार्ययोजनासहित अघि बढ्ने बताए । कार्यशालामा बंगलादेशबाट आएका डा. राजीव चौधरी र सेनाका सहायक रथी इम्रुअल क्वेस चौधरीलगायतले डेंगी नियन्त्रणमा बंगलादेशले चालेको कदमको विषयमा अनुभव सुनाएका थिए । अमेरिकी कृषि विभागका प्रतिनिधि डा. लि कोहन्सटेडले डेंगी नियन्त्रणको विषयमा धारणा राखेका थिए। त्यस्तै, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका डा. युवानिधि बसौला, सुनिलराज शर्मालगायतले डेंगी नियन्त्रणका विषयमा नेपालको अवस्थाबारे धारणा राखेका थिए ।

चुला रेष्टुरेन्ट पार्क सञ्चालनमा

बिर्तामोड(प्रस) ।झापाको बिर्तामोड-२ स्थित चारपानेपूर्व रामचोक पश्चिम दक्षिणपट्टी चुला रेष्टुरेन्ट पार्क सञ्चालनमा आएको छ । शान्त तथा पारिवारिक वातावरणमा चुला रेष्टुरेन्ट पार्क युवा व्यवसायी देव संग्रौला र रिना ओडारी संग्रौलाले सञ्चालनमा ल्याएका हुन् ।चुलामा ७ वटा प्राइभेट क्याबिनसहित बालबालिकाका लागि मिनी गार्डेन र २५ जना बढीका लागि हल समेत रहेको छ । बुधवार चुला रेष्टुरेन्ट पार्कको उद्घाटन युवा नागरिक समाजका केन्द्रीय अध्यक्ष केशव भण्डारी र प्रोपर्टी डिलर्स झापाका अध्यक्ष रोशन बोहोराले संयुक्त रुपमा गरेका छन् । होटलमा लोकल कुखुराका बिभिन्न परिकारसहित खाजासेट, खसीको सेकुवा, भुटन, खसीको खाजा सेट, हाँसको छोइला, काँचो मकैको खाजासेटसहित बिभिन्न परिकारका खाजा तथा पेर्य पदार्थहरु उपलब्ध हुने युवा नागरिक समाजका केन्द्रीय उपाध्यक्षसमेत रहेका संचालक देब संग्रौलाले बताए । उनका अनुसार चुलामा घरकै जस्तो अर्गानिक खाजाहरु शान्त वातावरणमा खान सकिनेछ ।

उद्घाटनको अवसरमा चुलामा १० दिनसम्म बिशेष छुटको ब्यवस्था रहेको अर्का सञ्चालक रिनाले बताइन् । रिनाका अनुसार उक्त स्थानमा यसअघि सञ्चालन रहेको होटलभन्दा थप सेवा सुबिधासहित नयाँ ब्यवस्थापनमा चुला सञ्चालनमा आएको हो । ३५ लाख बढी लगानीमा सञ्चालनमा आएको चुलामा ४ जनालाई प्रत्यक्ष रोजगारी दिएको सञ्चालक रिनाले जानकारी दिइन् ।

उद्घाटन कार्यक्रममा शंकर अस्पताल प्रालिका प्रवन्ध निर्देशक, श्रीखण्ड आगमन नेपाली ब्राण्डका उद्यमी तथा युवा नागरिक समाज अर्जुनधारा नगर अध्यक्ष सुजन शिवाकोटी, युवा नागरिक समाजका केन्द्रीय सदस्य रन्जन मल्लिकलगायतको उपस्थिति रहेको थियो ।

हात्ती छेक्ने...

मानव बस्ती पसेर मानवीय र भौतिक क्षति गर्दै आएका छन् । हस्तान्तरण कार्यक्रममा सहभागी सामुदायिक वनका पदाधिकारीहरूले सोलार फेन्स हस्तान्तरण कार्यक्रम ढिला भएकोले जनधनको क्षति रोकथाम तथा न्यूनीकरणमा समस्या उत्पन्न भएको दावी गरे । उनीहरुका अनुसार सामुदायिक वनलाई फारम हस्तान्तरण गरेर समस्याको समाधान हुँदैन । दियालो सामुदायिक वन उपभोक्ता समूह भद्रपुरका अध्यक्ष देउकुमार लिम्बूले सामुदायिक वनले सहजीकरण मात्र गर्ने हो भन्दै यसको मर्मत सम्भारका लागि आवश्यक बजेट र प्राविधिक टोली सरकारले नै उपलब्ध गराउनु पर्ने बताए । त्यस्तै हल्दिबारी गाउँपालिकाका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनले सामुदायिक वनलाई सोलार फेन्स जिम्मा लगाएर पन्छाउने काम गर्न नहुने बताए । सामुदायिक वनका पदाधिकारीहरूलाई सोलार फेन्सको बारेमा प्राविधिक ज्ञान छैन । 'उनीहरूले आफ्नो वन क्षेत्रमा जडान गरिएको सोलार फेन्समा झारजंगल हटाउने, कहाँबाट तार चुँडाएर हात्ती गाउँघर पस्यो त्यो हेर्न बाहेक अरू जाँदैनन्,' अध्यक्ष लिङ्देनले भने, 'उनीहरू ठोक्किने भनेकै पालिकामा हो, पालिकाले पनि एक्लै केही गर्न सक्दैन, त्यसैले मानव हात्ती द्वन्द्व न्यूनीकरणका लागि डिभिजन वन र प्रकृति संरक्षण कोषको पनि साथ र सहयोग चाहिन्छ ।'

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।
बिर्ता सेफ्टी तथा ढल सफाई
SERVICES

हात्तीलाई ...

छिरेकोले हाललाई निकाल्न सकिएन । 'हात्तीको हड्डी निकै कडा हुन्छ, त्यसैले गोली निकाल्न समस्या भयो,' डिभिजन प्रमुख राईले भने । 'गोली निकाल्न सकिएको भए शिकारीले कुन बन्दुकले मारेको कुरा पनि बाहिर आउँथ्यो,' उनले भने । हात्तीलाई मारेर दुवै दाह्रा आराले काटेर केही भाग लगेको देखिन्छ । 'अरू भाग पोस्टमार्टम गरी निकालेका छौं । पुच्छरको रौं पनि तानेर लगेको छ' उनको भनाई छ । स्थानीयका अनुसार बैशाख २ गते मध्यरातपछि जंगलमा हात्ती कराउन छाडेको थियो । यो घटना त्यही दिनको हुन सक्ने अनुमान गरिएको उनले बताए । हात्तीको पोस्टमार्टम गरी बुधवार नै खाल्डो खनेर त्यही जंगलभित्र पुरिदिएको उनले बताए । 'जिल्लामा यस्तो घटना अहिलेसम्म भएको थिएन, यो पहिलो घटना पनि हो,' उनले भने । हात्तीलाई गोली हानेर मारेपछि मेची चरा तथा वन्यजन्तु संरक्षण समाज घटनाको घोर भर्त्सना गरेको छ ।

शिखर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

शिखर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको तपशिलमा उल्लेखित ऋणी शेयर सदस्यलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको अत्यन्त जरुरी ३५ दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/०६ गते)

यस सहकारी संस्थाबाट ऋण लिएका तपशिल बमोजिमका ऋणी शेयर सदस्यले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको तोकिए अनुसार बुझाउनु पर्ने सावाँ, समेतका रकमहरु नबुझाई ऋण लिँदा गरिएको सर्त कबुलियतको उल्लंघन गरेको र संस्थाबाट टेलिफोन एवम् लिखित पत्र रुपमा ३५ दिने, १५ दिने, ७ दिने ताकेता पत्र पठाउँदा पनि सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्नतर्फ चासो नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण सावाँ,व्याज, हर्जाना तथा अन्य ऐन, नियम,विनियम र दुई पक्षबीच भएको सम्झौता गरेको समय बमोजिमको रकम एकमुष्ठ बुझाउन ल्याउन सूचित गरिएको छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरी बसेमा ऋणी शेयर सदस्यले संस्थालाई राखिदिएको सुरक्षण बापत अचल सम्पति धितोबाट असुल उपर गरिने छ । सोबाट असुल उपर नभएमा कानुनले दिएको अधिकार प्रयोग गरी ऋणीको अन्य जायजेथा वा श्रीसम्पतिबाट तथा व्यक्तिगत जमानी दिने व्यक्तिको चल अचल श्रीसम्पतिबाट असुल उपर गरिनेछ । अन्यथा यस सस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली ,संस्थाको विनियम तथा सहकारी ऐन २०७४,नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरि सम्पुर्ण कर्जा रकम असुल उपर प्रकृया अगाडी बढाइने ब्यहोरा जानकारी गराइन्छ ।

क.स.	ऋणीको नाम थर , ठेगाना तथा तीन पुस्ते विवरण	जगगाधनी, ठेगाना तथा क्षेत्रफल	धनजमानीको विवरण
१	**ऋणीको नाम :- दिपक घिमिरे** नागरिकता नं. ८२३११०९३ जारी मिति :- २०५८।१०।१४ बुबाको नाम :मात्रिका घिमिरे हजुरबुबाको नामःलक्ष्मी प्रसाद घिमिरे अर्जुनधारा-८,झापा	**जगगाधनीको नाम : दिपक घिमिरे** शनिश्चरे ०२ कित्ता नम्बरं. :- ४६६५ क्षेत्रफल :- ३३८ .६३ वर्ग मिटर	**नाम :- सिता पौडेल** बुबा :-महेन्द्र कुमार पौडेल हजुरबुबाः :-बलराम पौडेल ना.प्र.न.९७७९२०९० जारी मिति :२०५६/१०/०९झापा
२	**ऋणीको नाम :- राजु घिमिरे** नागरिकता नं. ८२३१११९२ जारी मिति :२०५७/०४/०४ जिल्ला झापा बुबाको नाम :- मात्रिका प्रसाद घिमिरे हजुरबुबा नाम :- लक्ष्मी प्रसाद घिमिरे अर्जुनधारा ०८ झापा	**जगगाधनीको नाम :राजु घिमिरे** शनिश्चरे ०२ कित्ता नम्बर :- २६५९ क्षेत्रफल :-३३८.६३ वर्ग मिटर	**नामः दिपक घिमिरे** बुबा :मात्रिका प्रसाद घिमिरे हजुरबुबा :लक्ष्मी प्रसाद घिमिरे ना.प्र नः८२३११०९३ झापा जारी मिति :२०५८।१०।१४
३	**ऋणीको नाम :- विनोद कुमार सिंह** नागरिकता नं. :- ०२/४२४८ जारी मिति :- २०६३/०६/०५ जिल्ला झापा बुबाको नाम :गिरिजा सिंह हजुरबुबाको नाम :महादेव सिंह बिर्तामोड ०४ झापा	**जगगा धनीको नाम : विनोद कुमार सिंह** शनिश्चरे ०७ कित्ता नम्बर :- ५९९३ क्षेत्रफल :-१०१.५८वर्ग मिटर **जगगाधनीः-मयुर डिपार्टमेन्ट स्टोर,** अनारमनी ०४ कित्ता नम्बर :- २६७ क्षेत्रफल :-१०५.८२ वर्ग मिटर	**नाम :निरज सिंह** बुबा :बिनोद कुमार सिंह हजुर बुबा :गिरिजा सिंह **नाम : अर्जुन कडरिया** बुबा : मोहन प्रसाद कडरिया हजुरबुबा : कृपानन्द कडरिया ना.प्र.न. ६९१२२६०७ झापा २०५६/०५/३१
४	**ऋणीको नाम :- क्रिस्टीना भिलारमिना प्रसाई** नागरिकता नम्बर :- ०४१०१४/७८४ जारी मिति :- २०६५/०६/०९ झापा ऋणीको बुबाको नाम :-कलारो भिलारमिना ऋणीको श्रीमानको नाम :- हिमालय प्रसाई **ऋणीको नाम :- ममता मैनाली** नागरिकता नम्बर :- ०४१०१४/४४० जारी मिति :- २०६६/१०/२५ झापा बुबाको नाम :- कृष्ण प्रसाद मैनाली श्रीमानको नाम :- सरोज कुमार सिटौला	**जगगाधनीको नाम : क्रिस्टीना भिलारमिना प्रसाई, ममता मैनाली** इलाम फिक्कल ०१ कित्ता नम्बर :- २३६ क्षेत्रफल :- १-४-१-३ कित्ता नम्बर :-९३९ क्षेत्रफल :- १-१५-०-२ कित्ता नम्बर :- ९५१ क्षेत्रफल :- ९-३-२१	**नाम : हिमालय प्रसाई** बुबा : तुलसी प्रसाद प्रसाई हजुरबुबा : लक्ष्मी प्रसाद प्रसाई ना.प्र.न.:- ३५७४३९७ २०५२/०२/२५ झापा **नाम :सरोज कुमार सिटौला** बुबा :लक्ष्मी प्रसाद सिटौला हजुरबुबा :बलभद्र सिटौला ना.प्र.न.९१५२२७१७ झापा २०५२/०८/२०

वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो ।

झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्रायःजसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् ।

सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरुवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौं ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौं ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ । वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौं ।

डिभिजन वन कार्यालय, झापा सम्पर्क: ०२३४५२०५३, ९८५२६५५१८९

नव सन्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सन्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

खोई निःशुल्क ?

सन्तानको शिक्षा र स्वास्थ्यमा लगानी सम्भवतः विश्वभरका अभिभावकको पहिलो प्राथमिकतामा पर्छ । सन्तानले स्तरीय शिक्षा पाउने आशामा ज्यामी काम गरेर पनि छोराछोरीलाई महँगो विद्यालयमा पठाउनेहरू नेपालमै धेरै भेटिन्छन् । यसैले निजी विद्यालयहरू नेपालको शिक्षा प्रणालीको अभिन्न र महत्वपूर्ण अङ्ग बनेका हुन् ।

संस्थागत विद्यालयप्रति अभिभावकको आकर्षण बढ्नुको कारण निजीक्षेत्रको मोह भने होइन । सामुदायिक भन्दा संस्थागत विद्यालयमा शैक्षिक गुणस्तर उच्च भएको कारणले मात्र अभिभावकहरू आकर्षित भएका हुन् । राम्रो पढाइ भएका सामुदायिक विद्यालयहरूमा लागेको विद्यार्थीको भिडफे नै यसलाई पुष्टि गर्छ ।

धेरैजसो सामुदायिक विद्यालयहरूमा शैक्षिक गुणस्तरसँगै विद्यार्थीको संख्या पनि घट्दै गइरहेकै समयमा केहीमा भने भर्ना हुन चाहनेको चाप थामिनसक्नु बढेको देखिन्छ । यस्ता केही विद्यालयलाई सरकारले नै नमुना विद्यालय घोषित गरेर थप अनुदान पनि उपलब्ध गराउँदै आएको छ ।

शैक्षिक गुणस्तरमा सुधारका लागि विद्यार्थी शिक्षकको अनुपातलगायत यातायातको व्यवस्था, छात्रावास, इन्टरनेटलगायतका शैक्षिक सुविधामा हुने खर्च विद्यालयले नै जुटाउनुपर्ने हुन्छ । त्यसैको व्यवस्थापनका लागि कतिपय नमुना विद्यालयहरूले विद्यार्थीका अभिभावकबाट शुल्क लिने गरेका छन् ।

देशका कुल २७ हजार ९९० मध्ये उत्कृष्ट मानिएका ४२२ सार्वजनिक विद्यालयलाई नमुना विद्यालय घोषणा गरिएको छ । यस्ता विद्यालयको उत्कृष्ट प्रदर्शन र उपलब्धिमा पक्कै पनि अभिभावकले तिर्ने शुल्कको योगदान हुन्छ । यस्ता विद्यालयका लागि राज्यले दिने अनुदानका अनुपातका कैयौं गुणा बढी रकम अभिभावकहरूबाट सङ्कलन हुनेगरेको छ ।

यसैबीच शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्थानीय तहलाई परिपत्र गरेर सार्वजनिक विद्यालयमा कुनै पनि शीर्षकमा शुल्क लिन नपाइने कानुनी व्यवस्थाप्रति ध्यानाकर्षण गरेको छ । परिपत्र लागु हुने हो भने राम्रो पढाइ भएका नमुना विद्यालयहरूको पनि शैक्षिक स्तर खस्कनेछ ।

केही उदाहरणीय सामुदायिक विद्यालयको शैक्षिक स्तर खस्कियोस् भन्ने त राज्यका कुनै पनि निकायका पदाधिकारीले चाहनु नपर्ने हो । शिक्षा मन्त्रालयदेखि स्थानीय तहसम्मका सरोकारवाला पदाधिकारीमा त सबै सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर नमुना विद्यालयहरूकै जस्तो बनाउने चाहना हुनसक्छ ।

कुनै पनि शीर्षकमा शुल्क लिनै हुँदैन भन्ने नियममा सरकार दृढ रहने हो भने उत्कृष्ट विद्यालयहरूका लागि चाहिने सबै रकम राज्यले नै जुटाइदिनुपर्छ । सबैको स्तर खस्काएर 'समानता' कायम गर्न खोजिएको त पक्कै नहोला । राज्यले अनुदान बढाउने हो भने सबै विद्यालयलाई दिनुपर्छ जुन सायद अहिलेको अवस्थामा सम्भव छैन ।

निजी विद्यालयमा महँगो शुल्क तिरेर पनि सन्तानलाई पढाउन चाहने अभिभावकले सामुदायिक विद्यालयमा केही रकम बुझाउन चाहन्छन् भने राज्यले रोक्नुपर्ने आवश्यकता र औचित्य देखिँदैन । पालिकाहरूले त अभिभावकले तोकिएको शुल्क तिर्न नसकेर कुनै विद्यार्थी पनि पढ्न नपाउने अवस्था उत्पन्न हुन नदिन ध्यान दिनुपर्ने हो ।

Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

सुशासन र समृद्धिको यात्रा

• देवकुमारी गुरागाईं

नेपालको संविधान जनताको आर्थिक, सामाजिक, व्यावसायिक तथा सांस्कृतिक हक अधिकारको प्रत्याभूति, आर्थिक विकास र समृद्धि एवं विकासको प्रतिफलको वैज्ञानिक बाँडफाँटको माध्यमबाट आर्थिक रूपान्तरण गर्दै जनताको जीवनस्तर उकास्ने दिशामा केन्द्रित छ । यस अर्थमा नेपाली जनताले प्रगतिशील, जनउत्तरदायी र प्रजातान्त्रिक संविधान पाएका छन् तर संविधानमा लेखेर मात्र जनउत्तरदायी शासन पद्धति भएको मान्न सकिँदैन ।

आवधिक निर्वाचनमा भोट दिने अधिकार हुँदैमा प्रजातान्त्रिक पद्धति मान्न कठिन हुन्छ । यो त नेतृत्वको आचरण र व्यवहार, उनीहरूले विकास गरेको शासकीय संस्कृति, राज्यका संयन्त्रहरूले निर्वाह गरेको भूमिका र जिम्मेवारी एवं सार्वजनिक निकायहरूले अवलम्बन गरेको सेवा प्रवाह पद्धति र प्राप्त भएको विकासको प्रतिफलका आधारमा जनताले अनुभूत गर्ने विषय हो । सुशासन र समृद्धिका सूचकहरूका आधारमा मात्र जनउत्तरदायी र प्रजातान्त्रिक शासन पद्धतिको स्तर निर्धारण गर्न सकिन्छ ।

सदाचारको प्रवर्धन र भ्रष्टाचारमा शून्य सहनशीलता सुशासनको अभिन्न अङ्ग हो । सुशासन र समृद्धिको प्रमुख बाधक भ्रष्टाचार हो । भ्रष्टाचार नियन्त्रणबिना सुशासनको प्रवर्धन र समृद्धिको आकाङ्क्षा पूरा गर्न तथा लोककल्याणकारी राज्यको अवधारणालाई सार्थक बनाउन सकिँदैन । राजनीतिमा निष्ठा र इमानदारी हुनका लागि भ्रष्टाचाररहित समाज पूर्वसर्त हो ।

राज्यका शासकीय संरचनाले अवलम्बन गरेका नीति, व्यवस्थापकीय पद्धति, निर्णय प्रक्रिया एवं सोको परिणाम र प्रभावको समग्र रूप नै सुशासन हो । यो संविधान, नीति, नियम एवं सरकारका योजना तथा कार्यक्रममा लेखिने विषयभन्दा पनि राज्यका अङ्गहरूले अवलम्बन गरेको विधि र पद्धतिका आधारमा जनताले अनुभूत गर्ने विषय हो । सार्वजनिक उत्तरदायित्व र जनमुखी प्रशासन, सरोकारवालाको सार्थक सहभागिता, आर्थिक अनुसाशन र पारदर्शिता, विधिको पर्याप्तता र सोको पूर्ण पालनाको सुनिश्चितता, दण्डहीनताको अन्त्य र चुस्त एवं स्वतन्त्र न्याय प्रशासन सुशासनका मूलभूत सिद्धान्त हुन् । साथै, सार्वजनिक नीतिमा स्थायित्व र सोको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता, राज्यका सेवा सुविधामा जनताको समान पहुँच, समावेशीकरण र सकारात्मक विभेद, सेवाप्रवाहमा प्रभावकारिता, नागरिकको सन्तुष्टि र राज्यप्रति जनताको अपनत्व आदि लाई पनि कारकका रूपमा लिन सकिन्छ ।

सुशासनको लक्ष्य परिणाममुखी शासन प्रणाली, न्याय र नैतिकतामा आधारित समतामूलक समाजको विकास गर्दै समृद्धिको चाहना पूरा गर्नु हो । राजनीतिक र प्रशासनिक नेतृत्वबिचको सार्थक सहकार्य, आपसी विश्वास र उच्चस्तरको सुसम्बन्ध एवं सरकार र नागरिकबिचको असल सम्बन्धबाट मात्र सुशासनको प्रवर्धन सम्भव हुन्छ । सुशासनले राज्यका हरेक क्षेत्रमा दण्डहीनताको अन्त्य, कानुनी राज्यको सुनिश्चितता, भ्रष्टाचारमा शून्य सहनशीलता, जनमुखी एवं पारदर्शी प्रशासन र कर्तव्यनिष्ठ जनताको अपेक्षा गरेको हुन्छ ।

जनताले अनुभव गर्न सक्ने गरी भएको सकारात्मक परिवर्तन नै विकास हो । विकास नै समृद्धिको सूचक हो । समृद्धिलाई मुलुकको आर्थिक वृद्धि वा आर्थिक विकासको पर्यायको रूपमा परिभाषित गर्ने गरेको पाइन्छ । समृद्धिले सामान्यतया आर्थिक विकास, उन्नति वा प्रगतिको अवस्थालाई चित्रण गर्छ । देशको आर्थिक वृद्धि दर बढ्दो क्रममा छ र त्यसको समानुपातिक प्रतिफल जनताले प्राप्त गरेका छन् भने त्यसले समृद्धिको सङ्केत गर्छ । यस अर्थमा मुलुक र त्यहाँका नागरिक आर्थिक रूपले सबल हुनु नै समृद्धि हो तर देशको आर्थिक विकासले मात्र समृद्धि हासिल हुन सक्दैन । आर्थिक रूपले समृद्ध मुलुकका उच्च जीवनस्तरसहितको सुविधा सम्पन्न जनता पनि सामाजिक एवं मनोवैज्ञानिक दृष्टिकोणबाट कमजोर देखिन्छन् । तिनीहरूमा खुसी र अमनचयन देखिँदैन । खुसी र अमनचयनबिनाको आर्थिक विकासलाई समृद्धि मान्न सकिँदैन । तसर्थ राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शासकीय र वातावरणीय पक्षको समग्र विकास र सुधारको माध्यमबाट मात्र मुलुकले खोजेको र जनताले चाहेको जस्तो समृद्धि हासिल गर्न सकिन्छ । दिगो, फराकिलो एवं उच्चस्तरको आर्थिक वृद्धि, सामाजिक न्याय र सामाजिक सुरक्षाको सुनिश्चितता, समावेशी र जनउत्तरदायी शासकीय प्रणाली एवं राज्यप्रति जनताको अपनत्व नै समृद्धिको यात्रा तय गर्ने प्रमुख मार्ग हुन् ।

समृद्धिका पाइलाहरू मुलुकको आर्थिक विकासका अलावा राष्ट्रियता र राष्ट्रिय एकताको प्रवर्धन गर्ने, सामाजिक न्याय र सामाजिक सुरक्षाको माध्यमबाट सामाजिक शान्ति कायम गर्ने दिशातर्फ उन्मुख हुनु पर्छ । साथै, सबै प्रकारका विभेद र असमानताको अन्त्य गरी समावेशी, समतामूलक र लोककल्याणकारी समाजको निर्माण गर्ने एवं शासकीय पद्धतिको सुधार र राजनीतिक स्थायित्वका माध्यमबाट लोकतन्त्रको संस्थागत विकास गर्ने तथा राज्यका संयन्त्रप्रति जनताको अपनत्व, विश्वास र भरोसा कायम हुनु पर्छ । यस अर्थमा सुशासन समृद्धिको पूर्वसर्त हो ।

हामी लामो समयदेखि सुशासन र समृद्धिको पर्खाइमा छौँ । करिब सात दशकसम्म राजनीतिक परिवर्तनका लागि आन्दोलन भए । त्यसैले यी आन्दोलनले राजनीतिक एजेन्डालाई मात्र प्राथमिकता दियो । विकास र समृद्धिभन्दा पनि शान्ति र स्थायित्व जनताको प्रमुख अपेक्षा बन्न गयो । परिणामस्वरूप सुशासन र समृद्धिका एजेन्डा छायामा परे । अनि विकासको गति सुस्त रह्यो । नेपालको संविधानले ' लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्रनिर्माण गर्ने एवं सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने' सङ्कल्प गरेको छ । सशक्तीकरण, समावेशी, सामाजिक न्याय र समानुपातिक प्रतिनिधित्वलाई संविधानले मूल मर्मको रूपमा अवलम्बन गरेको छ । संविधानले सुशासन र समृद्धिका एजेन्डामा जनतालाई अलि बढी नै अपेक्षा र महत्वाकांक्षाको सञ्चार गरेको छ ।

संविधान जारी भएको आठ वर्ष पूरा भइसकेको छ । संविधानले निर्माण गरेका राज्यका संरचनाले निर्वाह गरेको भूमिका एवं त्यसबाट राज्य र जनताले पाएको प्रतिफलको मूल्याङ्कन गर्न यो अवधि पर्याप्त पनि हो । सात दशकदेखिको राजनीतिक द्वन्द्वको अन्त्य भई राजनीतिक स्थायित्व कायम हुने तथा मुलुकको सम्पूर्ण ध्यान आर्थिक विकास, सुशासन र समृद्धिमा केन्द्रित हुने अपेक्षा नेपालको संविधान जारी भएपछि गरिएको थियो तर यस अवधिमा सुशासन र विकासका सूचकहरूमा पहिलेको तुलनामा गुणात्मक सुधार हुन सकेन । पछिल्ला दुई वटै निर्वाचनले संघ तथा प्रदेशमा स्थायी सरकार दिन सकेन । यसबाट नेपालमा संविधान र कानुन लोकतन्त्र र सुशासनमैत्री भए पनि राजनीतिक एवं प्रशासनिक चरित्र र कार्यसंस्कृति भने सो अनुसार निर्माण नभइसकेको अवस्था प्रतिविम्बित हुन्छ ।

संघीय तथा प्रदेश संसद्को संरचना, सरकार निर्माणको प्रक्रिया र राजनीतिक दलसम्बन्धी व्यवस्थालाई दृष्टिगत गर्दा वर्तमान संविधानबाट कुनै एक दलको बहुमतसहितको स्थिर सरकार बन्ने सम्भावना न्यून देखिन्छ । यसर्थ, संविधानले पनि राजनीतिक स्थायित्व प्रदान गरेको अनुभूति हुन सकेको छैन । संविधानले निर्माण गरेका राज्यका राजनीतिक, प्रशासनिक तथा संवैधानिक संरचनाले निर्वाह गरेको भूमिका र जिम्मेवारी अपेक्षाकृत प्रभावकारी हुन नसकेको जनगुनासो बढ्दै गएको देखिन्छ । जनमानसमा भविष्यप्रतिको आत्मविश्वास र सम्भावनाभन्दा निराशा र अविश्वास बढ्दै गएको देखिन्छ । सम्भावना र अवसरको खोजीका क्रममा गाउँबाट सहर र सहरबाट विदेश पलायन हुने प्रवृत्तिले यसको सङ्केत गर्छ । गाँउहरू रित्तिदै जाने, खेतबारी बाँझै रहने, सहरमा जनसंख्याको चाप बढ्दै जाने, उपभोग्य वस्तुमा परनिर्भरता बढ्दै जाने तथा दक्ष एवं ऊर्जाशील जनशक्ति बिदेसिने प्रवृत्ति समृद्धिका लागि प्रमुख चुनौती हो । उपलब्ध मानव पुँजीलाई मुलुकभित्र नै उपयोग गर्ने वातावरणको विकास नभएसम्म मुलुकको समृद्धि सम्भव हुँदैन ।

सन् १९९० को दशकमा भारत र नेपालको आर्थिक अवस्था करिब करिब समान थियो तर अहिले भारत विश्वको तेस्रो ठुलो अर्थतन्त्र भएको मुलुक बन्न पुगेको छ । सन् १९९० मा भुटानको प्रतिव्यक्ति आय ५१५ अमेरिकी डलर भएकोमा सन् २०२३ मा ३१०० डलरभन्दा माथि पुगेको छ । छिमेकी राष्ट्रहरू बङ्गलादेश र चीनको आर्थिक हैसियत पनि हाम्रोभन्दा निकै माथि पुगिसकेको छ । कुनै समय नेपालभन्दा दयनीय आर्थिक अवस्था भएका इथोपिया, रुवान्डा, मोजाम्बिक, ताजकिस्तानलगायतका मुलुकको आर्थिक हैसियत पछिल्ला दिनमा निकै लोभलाग्दो तरिकाले सुधार भइरहेको पाइन्छ ।

सक्षम, इमानदार एवं जिम्मेवार निजी क्षेत्र, निजी क्षेत्रमैत्री नीति नियम एवं आकर्षक लगानी वातावरण, सरकारको असल संरक्षकत्व तथा बलियो नियमनकारी भूमिका, जनउत्तरदायी राजनीतिक नेतृत्व र निष्ठामा आधारित राजनीति यी मुलुकहरूको आर्थिक विकासका प्रमुख कारक हुन् । साथै, राजनीतिक एवं नीतिगत स्थिरता, सक्षम, व्यावसायिक एवं मजबुत सार्वजनिक प्रशासन, संस्थागत सुशासन एवं भ्रष्टाचारमा शून्य सहनशीलता, बलियो सार्वजनिक संस्था तथा सक्षम नेतृत्व आदिलाई पनि लिन सकिन्छ ।

अन्य देशको अनुभव र असल अभ्यासको अनुकरण गर्दै, मुलुकमा उपलब्ध तुलनात्मक लाभका क्षेत्रको पहिचान र त्यसको समुचित उपयोग गर्दै, सुशासन, विकास र समृद्धिलाई राष्ट्रिय एजेन्डाको रूपमा सर्वस्वीकार्य दस्तावेज बनाउनु पर्छ । त्यसका लागि आवश्यक नीतिगत तथा संरचनागत सुधार र क्षमता विकास गर्दै अघि बढ्ने हो भने हाम्रो सुशासन र समृद्धिको यात्रा त्यति कठिन र टाढा छैन । तसर्थ 'समृद्धिका लागि सुशासन र सुशासनका लागि राजनीतिक एवं नीतिगत स्थायित्व' भन्ने मूल नारालाई आत्मसात् गर्दै अघि बढ्नु आजको आवश्यकता हो ।

अभ्यासमा स्थानीय सरकार

• रूपचन्द्र अधिकारी

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअन्तर्गत राज्यको पुनर्संरचना भई नयाँ स्वरूपमा तीन तहका सरकार सञ्चालन भएको करिब एक दशक हुन लागेको छ । स्रोतलाई विकेन्द्रित गरी जिल्ला विकास समितिमार्फत विकासको अभ्यास गरिएको पुरानो संरचनालाई विस्थापन गरी अन्तर सरकारी वित्तीय हस्तान्तरणमार्फत वित्तीय स्वायत्तताका साथ स्थानीय तहहरूलाई अधिकार सम्पन्न तुल्याइएको छ । स्थानीय तहको शासन, विकास र सेवा प्रवाहका तमाम विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सम्पूर्ण पक्षहरूलाई समेट्न सकेको छैन । यसर्थ आधा दशकभन्दा बढी अभ्यासको अनुभवको आधारमा यसको परिमार्जन गर्ने काम अघि बढेको छ ।

नयाँ, असल र माथिल्ला तहका सरकारका लागि पनि अनुकरणीय केही अभ्यास गर्न स्थानीय तह सफल भएका छन् । सिंहदरबारभित्र कार्यान्वयनमा उदासीन भएको सूचना तथा सञ्चार प्रविधिको प्रयोग दुर्गमका धेरै स्थानीय तहमा हुनुले पनि यसको पुष्टि गरेको छ । स्थानीय तहमा बहाल रहेका उम्दा युवा जनशक्तिका कारण पनि यो सम्भव भएको छ । विद्युतीय हाजिरी, लेखा व्यवस्थापनमा विद्युतीय भुक्तानी, जिन्सी व्यवस्थापनमा पीएएमएस, लेखापरीक्षण व्यवस्थापनमा एनएएमएस, राजस्व व्यवस्थापनमा एसयुटिआरए, राजस्व मोड्युल, शिक्षा तथा स्वास्थ्य क्षेत्रको अनलाइन प्रतिवेदन प्रणाली, कार्यालय स्वचालनमा विद्युतीय माध्यमहरूको प्रयोग आदि जस्ता अभ्यासले कागजरहित सरकारको गन्तव्यमा सिँढी निर्माण गर्दै आएका छन् ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली, स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कन प्रणाली तथा स्थानीय आर्थिक विकास मूल्याङ्कन जस्ता मूल्याङ्कनका अनलाइन उपकरणहरूको प्रयोगमा देखिएको स्थानीय तहको उत्सुकता सकारात्मक छ ।

संघीय कानुनको अभावमा आफ्नो वृत्तिविकासका सम्पूर्ण ढोका अनिश्चित हुँदा पनि स्थानीय तहमा कार्यरत जनशक्ति निरन्तर जिम्मेवारीपूर्वक कार्यसम्पादनमा जुट्दा स्थानीय तहले आफ्नो साख अभिवृद्धि गरेका छन् । नागरिकले केही हदसम्म भए पनि समुदाय स्तरमा सरकारको उपस्थिति महसुस गरेका छन् । यही सकारात्मक उपस्थितिले नागरिकको समग्र राज्य प्रणालीप्रति विश्वास अभिवृद्धि हुने हो । यद्यपि यो पक्षमा संघीय र प्रदेश सरकार तथा राजनीतिक दल र तिनका सदस्यको पर्याप्त ध्यान पुग्न सकेको छैन, जसले गर्दा हरेक कोणबाट स्थानीय तहमा हुने गरेका र भएका असल अभ्यास ओझेलमा पर्ने गरेका छन् । परिणामतः सकारात्मक र सन्देशजन्य पक्षभन्दा कमीकमजोरी, विवादजन्य तथा समस्याग्रस्त कुराले बढी स्थान पाएका छन् । सँगसँगै तत्तत् विषयहरू केही हदसम्म जायज पनि छन् ।

स्थानीय निर्वाचित जनप्रतिनिधिको दोस्रो कार्यकालको मध्यतिर आइपुग्दा योजना तथा बजेट तजुर्माको प्रक्रिया ऐनले मार्गदर्शन गरे अनुरूप हुन सकेको छैन । कार्यान्वयन बस्तीस्तरमा हुने भए पनि समुदायको मागमा आधारित योजना तर्जुमामा अझै जटिलता देखिएको छ, जसले विभिन्न स्वार्थ प्रेरित टुक्रे योजना निर्माण हुने हुँदा आधारभूत विकासमा खपत हुनुपर्ने स्रोतले बाटो बिराएको छ । हाम्रो जस्तो मुलुकको आर्थिक सामाजिक परिवेशमा विशुद्ध सेवा भावले राजनीतिक संलग्नता रहने राजनीतिकर्मीको संख्या कति हुन सक्ला ? जनप्रतिनिधि भएपश्चात् कानुनले सम्बोधन गरेको सुविधाले कतिसम्म अर्थ राख्ला ? अझ महत्वपूर्ण पाटो कर्मचारी व्यवस्थापनसँग सम्बन्धित छ । जीविकोपार्जनसँग सम्बन्धित थुप्रै बहस हुने गरेका छन् । यो पाटोलाई देशको आर्थिक अवस्थालाई अन्तरसम्बन्धित गर्दै पन्छाउँदै गर्दा प्रशासनिक संघीयताको कार्यान्वयनको जटिलतालाई बेवास्ता गर्न सक्ने अवस्था छैन । यसको मारमा तीनै तहको संरचना परे पनि बढी मारमा स्थानीय तह परेका छन् ।

स्थानीय तहमा हाल विभिन्न प्रकृतिका कर्मचारी कार्यरत छन् । संघीय सेवाको प्रशासकीय नेतृत्वका अलावा साविक जिल्ला विकास समितिबाट समायोजन भएका, संघीय सरकारबाट समायोजन भएका, कर्मचारी समायोजन ऐनलाई टेकेर संघीय लोक सेवा आयोगबाट स्थानीय तहमा सिफारिस भएका, प्रदेश लोक सेवाबाट सिफारिस भएका, संघीय ससर्त कार्यक्रमका लागि संघीय सरकारबाट करार सेवामा कार्यरत, साविक स्थानीय निकाय हुँदै स्थायी तथा करार सेवामा रही हालसम्म निरन्तर रहेका तथा स्थानीय तहले करार सेवामा भर्ना गरेका लगायतका जनशक्तिबिच भावनात्मक एकता कायम गर्दै साङ्गठनिक द्वन्द्व व्यवस्थापन गर्नु निकै चुनौतीपूर्ण छ । स्थानीय सेवामा वृत्तिविकासका ढोका अँध्यारोमा छन् । केही प्रदेशले ऐन निर्माण गरी सहज मार्ग अवलम्बनको प्रयास गरे पनि संघीय ऐन अगाडि बनेका प्रदेश ऐनको भविष्य दिगो नहुन सक्छ, जसले गर्दा कार्यबोझ व्यवस्थापनका लागि उत्प्रेरणाको स्रोत भेट्न सकिँदैन ।

सार्वजनिक सेवामार्फत आफूलाई देशमै राख्न खोज्ने युवा स्थानीय तहमा चौथो तहमा नियुक्ति लिएको दिनबाटै संघीय सेवाको खरिदारमा भविष्य सुरक्षित देख्न थाल्छ । स्थानीय सेवाको अधिकृत तहमा छनोट हुने युवाले संघीय सरकारको अधिकृतमा मात्र भविष्य देख्ने बाध्यात्मक परिस्थिति छ । एउटा प्रदेश तथा प्रदेश अन्तर्गत स्थानीय तहमा नियुक्ति लिएको कर्मचारी जीवनभर उही प्रदेशमा रहनुपर्ने तत्कालीन बाध्यता छ । परिस्थितिलाई विश्लेषण गरी एक दशक स्थानीय तहमा बिताएका कर्मचारीले संघीय सेवाको रहर गर्दा उमेरको हद लाग्छ भने उमेर छँदै संघीय सेवामा प्रवेश गर्दा सेवाको अवधि, पारिश्रमिक तथा सेवा सुविधा के हुने भन्ने अनिश्चित छ । यो परिस्थितिले स्थानीय तहमा जहिल्यै कर्मचारी सङ्क्रमणकाल थप्ने मात्र काम भएको छ । कर्मचारीको काम गर्ने उत्प्रेरणा र मानसिकता कमजोर भएको छ ।

यसै परिस्थितिबाट स्थानीय तह कमजोर भए भन्ने केन्द्रीकृत सोचलाई प्रश्न गर्ने ठाउँ यो छ कि, प्रशासनिक नेतृत्व संघको हुँदै गर्दा स्थानीय तह असफल भएमा असफलता संघको हुन्छ वा स्थानीय तहको ? संघले प्रमुख प्रशासकीय अधिकृत खटाउन नसकिरहँदा पनि स्थानीय तहको सेवा प्रवाह नरोकिएको अवस्था स्थानीय सरकार सबल भएका हुन् वा असफल ? निर्णय तथा नीति निर्माणमा स्थानीय तहले सबै पक्षको पालना गर्न नसकेको कुरालाई संघीय सरकारको नीति निर्माणमा हुने गरेको सहभागिता र सरोकारवालाको छलफलको औपचारिकताबाट प्रेरित भएको मान्न सकिने वा नसकिने ? सभा सञ्चालन तथा कानुन निर्माण प्रक्रियामा प्रशासनिक नेतृत्वलाई मात्र सबल बनाएर अपेक्षित उपलब्धि हासिल हुन सक्ला ? उल्लिखित कार्य तथा प्रक्रियामा प्रमुख प्रशासकीय अधिकृतको औषतमा एक वर्षभन्दा कम समयमा हुने सरुवा प्रणालीले गहिरो प्रभाव पारेको छ ।

सरकार सञ्चालनका क्रममा सुशासनका लागि आन्तरिक नियन्त्रण, लेखा परीक्षण, बेरुजु फर्स्योट तथा सम्परीक्षण आदि काममा प्रमुखको मात्र सबलीकरणले अति अपेक्षा र कम उपलब्धि आर्जन भएको छ, जसलाई आवधिक कार्यकाल र कार्यबोझ दुवैले प्रभावित तुल्याएको छ । सार्वजनिक खरिद तथा निर्माण, जहाँ जुनस्तरबाट बढी प्रश्न उठ्ने गर्छ, त्यस्ता काममा सरकारी दररेट तथा सार्वजनिक खरिद कानुनसँग सम्बन्ध रहेको छ । स्थानीय स्तरमा स्वास्थ्य, शिक्षा, कृषि तथा पशु क्षेत्रमा विनियोजन भएको ठुलो मात्राको बजेटको कार्यान्वयनको अनुगमनको पाटो स्थानीय तहको संस्थागत क्षमतासँग प्रत्यक्ष सम्बन्धित छ । प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता संघीय सरकारबाट हस्तान्तरण भएका कार्यक्रमको हकमा कार्यक्रमको निर्धारणमा कमजोरी भएको मान्ने वा कार्यान्वयनमा स्थानीय तहले प्रभावकारिता हासिल गर्न नसकेको भनी तल्लो तहमा दोष थोपर्ने भन्ने द्विविधाबाट मुक्त हुन आवश्यक छ ।

विविध चुनौतीका बाबजुद पनि स्थानीय सरकारका कतिपय असल अभ्यासले गर्दा नागरिकले राज्यप्रणालीमा अपनत्व महसुस गर्न पाएका छन् । सहभागितामूलक विकासको अवलम्बनमा स्थानीय तहबाटै बढी कार्यान्वयनको प्रभाव झल्किएको छ । प्रशासनिक नेतृत्वबाहेकको जनशक्तिलाई सशक्तीकरणको मार्गमा ल्याएर कार्यरत जनशक्तिको भविष्य स्थानीय तहमा छ, भन्ने भौतिक र मनोवैज्ञानिक सुनिश्चितता गर्न सकेको खण्डमा राज्य संयन्त्रप्रतिको नागरिकको घट्दो विश्वासको ओराली कम गर्न सकिन्छ ।

निर्वाचन आचारसंहिता पालना नगरे तत्काल कारबाही गरिने

झापा(प्रस)। निर्वाचन आयोगले यही वैशाख १५ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा उपनिर्वाचन प्रयोजनका लागि जारी आचारसंहिताविपरीत सामाजिक संजाल वा सञ्चारमाध्यमको दुरुपयोग गरेमा तत्काल कारबाही प्रक्रिया अघि बढाउने भएको छाप्रतिनिधिसभाको इलाम क्षेत्र नं २ र बझाङको प्रदेशसभा निर्वाचन क्षेत्र नं (१) मा हुने उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्न गत चैत २८ गतेदेखि निर्वाचन सम्पन्न नभएसम्म आचारसंहिता लागू भएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गरेको विज्ञप्तिमा आचारसंहितामा अन्य विषयका अतिरिक्त सामाजिक संजालबाट गलत, भ्रामक र द्वेषपूर्ण सूचना प्रकाशन तथा प्रसारण गर्न गराउन नहुने, निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक संजालमा एकाउन्ट सञ्चालन गर्न वा झुटा साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने, निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले कसैलाई होच्च्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने तथा कसैको भ्रामक टीकाटिप्पणी गर्न, गराउने नहुने व्यवस्था रहेको स्मरण गराइएको छ।

त्यसैगरी कुनै प्रयोजनका लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक संजालमा शेयर, ट्याग, कमेण्ट वा प्रतिकमेण्ट गर्न गराउन नहुने तथा कसैको चरित्रहत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानी गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरुपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रसारण गर्न गराउनपूर्ण रूपमा निषेध गरिएको छ।

आचारसंहिता उल्लंघनका घटनामा तत्काल आवश्यक कारबाही गर्न सम्बन्धित जिल्लाको मुख्य निर्वाचन अधिकृत संयोजक रहेको जिल्ला आचारसंहिता अनुगमन समितिलाई निर्देशन दिइएको छ ।

अवाञ्छित कार्य तत्कालै रोक्न आदेश दिने तथा आचारसंहिता उल्लङ्घनकर्तालाई आवश्यक कारबाहीको सिफारिस गर्न निर्वाचन आयोगमा एक सामाजिक संजाल अनुगमन एकाइ गठन गरी कार्य हुने भएको छ।

आमसञ्चारमाध्यमबाट हुने गलत, भ्रामक, झुटा सूचना, द्वेषपूर्ण अभिव्यक्ति तथा निर्वाचनलाई नकारात्मक प्रभाव पार्ने समाचारलाई निरुत्साहित गरी स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्न सम्बन्धित सञ्चारमाध्यमको अनुगमन तथा कानुनबमोजिम आवश्यक कारबाहीका लागि प्रेस काउन्सिल नेपालसमक्ष पत्राचार गर्ने निर्णय आयोगले गरेको छ ।

खाडीमा भीषण वर्षा भएपछि नेपालमा सयौं यात्रु अलपत्र

झापा(प्रस) । यूएईलगायत खाडी क्षेत्रमा सोमबार राति भएको भीषण वर्षाका कारण उडान रोकिँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सयौं यात्रु अलपत्र परेका छन् ।

पोखराका चिरञ्जीवी धिताल, सुनसरीका आजाद अन्सारीलगायतका यात्रु मंगलबार राति १ बजे एफजेट-५७४ नम्बरको उडानबाट दुबई पुग्नुपर्ने थियो । तर, मंगलबार फ्लाई दुबईले राखेका तीनमध्ये दुबई-काठमाडौं-दुबईका दुइटा उडान भएन । 'मौसमको कारण देखाउँदै उडान रद्द भएको भनियो,' छोटो घर बिदामा आएका कास्की मणिडाँडाका धितालले भने, 'म पोखराबाट मंगलबार बिहानै बस चढेर दिउँसो गोंगबु बसपार्कबाट सिधै ४ बजे काठमाडौं एयरपोर्ट आए, २४ घन्टा बित्यो, यतै छु ।'

उनका अनुसार, राति १० बजे उनी बोर्डिङ पास लिन चेकइन काउन्टर पुगेका थिए ।

तर, फ्लाई दुबईका कर्मचारीले उडान नहुने भनी फर्काए । विमानस्थलस्थित टर्मिनल कार्यालयकाअनुसार, फ्लाई दुबईको दुई उडानबाट दुबई तथा तेस्रो मुलुक जानुपर्ने ३ सय हाराहारी यात्रु थिए ।

'उडान नहुने भएपछि राती यात्रुहरु व्यवस्थापन गर्न कठिनाई भयो,' मध्यरातमा यात्रुहरुको व्यवस्थापनमा जोडिएका विमानस्थलका एक कर्मचारीले भने,'फ्लाई दुबईका कर्मचारीलाई बोलाएर यात्रु व्यवस्थापन गर्न लगायौं ।

'केही होटलमा सुत्न गए । केही घर लागे । केही आफन्तको डेरामा लागे,' धिताल भने,'२५ घन्टादेखि विमानस्थलको क्यानोपी मुनि झोला सिरानी राखेर पल्टिरहेका थिए ।

'खासमा मसँग खर्च थोरै थियो । साथीहरुले होटल जाउँ भनेका थिए । तर मैले झोलामा चाउचाउ र भुजिया बोकेको थिएँ । त्यही खाएर यतै रात कटाएँ।' उताको भारी वर्षाका कारण फ्लाई दुबईको एउटा जहाज पनि मंगलबार राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै 'ग्राउन्डेड' भएको थियो ।

त्यो जहाज बुधबार दिउँसो उड्यो । तर, दुबईसम्म जाने यात्रु मात्रै त्यसमा गए । धिताल फ्याट्ट जहाज उड्ने भए पाइहालिन्छ की भनेर विमानस्थलमै बसेका थिए । बुधबार जहाज उड्ने भएपछि उनी पुनः चेकइन काउन्टर छिरेका थिए । तर, उनले त्यो उडानमा जान पाएनन् ।

फ्लाई दुबईको काठमाडौंस्थित कार्यालयका एक कर्मचारीका अनुसार, त्यो जहाजमा 'दुबई-रेसिडेन्ट' भएकालाई मात्रै प्राथमिकता दिइएको थियो । 'दुबईमा बिस्तारै पानीको प्रभाव घटेपछि हिजो राति रोकिएको हाम्रो जहाज आज (बुधबार) दिउँसो साढे ४ बजे उड्यो,' कार्यालयको नियमअनुसार नाम खुलाउन नमिल्ने बताउँदै उनले भने, 'त्यो विमानमा तेस्रो मुलुक जाने यात्रुलाई प्राथमिकता दिइएन ।'

किनकी दुबईबाट बाहिर जाने उडान अझै नियमित भइसकेका छैनन् । त्यहाँ फेरि यात्रु अलपत्र पर्ने भएकाले अहिले ट्रान्जिट यात्रुलाई राखिएको छैन । दुबईका लागि दैनिक चारवटा काठमाडौंबाट उडान गर्ने फ्लाई दुबईले बिहीबार चारमध्ये दुईटा उडान गर्ने जानकारी विमानस्थलस्थित टर्मिनल कार्यालयलाई दिएको छ । उसले सूचनामार्फत् यात्रुहरुलाई इमेल, एसएमएसबाट पनि जानकारी गराउँदै टिकट खरिद गरिएका ट्राभल एजेन्सीमा सम्पर्क गर्न भनेको छ । विमानस्थलमा बुधबार र बिहीबार हुनुपर्ने फ्लाई दुबई बाहेक युएईको अर्को सहर शारजाह उड्नुपर्ने एयर अरेबियाका पनि दुइटा उडान रद्द भएको टर्मिनल कार्यालयले जनाएको छ ।

त्यस्तै नेपाल वायुसेवा निगम, हिमालय एयरलायन्सका पनि तालिका प्रभावित भएका छन् । यसैगरी सिधा उडानबाहेक भारत हुँदै जाने दर्जनौं यात्रु पनि काठमाडौं विमानस्थलको बगैंचामा दुबई उड्ने जहाजको प्रतीक्षामा थिए ।

उत्कृष्ट विद्यार्थीले थेसिस लेखनमा आर्थिक सहयोग पाउने

झापा(प्रस)। त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायका सबै विभागका उत्कृष्ट विद्यार्थीले थेसिस तथा अनुसन्धान लेखनमा आर्थिक सहयोग पाउने भएका छन् ।

त्रिभुवन विश्वविद्यालय स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) र नेपाल र एशियाली अध्ययन केन्द्र (सीनास) बिच भएको सम्झौताअनुसार २५ हजार रुपियाँ आर्थिक सहयोग पाउने छन् । त्रिवि स्ववियु सभापति श्यामराज ओझा र सीनासका कार्यकारी निर्देशक डा. मृगेन्द्रबहादुर कार्कीबिच समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

स्ववियु सभापति ओझाले त्रिवि मानविकी तथा सामाजिक शास्त्र संकायका सबै केन्द्रीय विभागका एक-एक जना उत्कृष्ट विद्यार्थीले थेसिस अनुसन्धानमा सहयोग पाउनेगरी सम्झौता भएको बताए ।

म्याजिक भ्यान र ट्र्याक्टर ठोक्किँदा पाँच जना घाइते

झापा(प्रस)।मेची राजमार्गअन्तर्गत चारआली-भद्रपुर सडकखण्डमा म्याजिक भ्यान र ट्र्याक्टर ठोक्किएर दुर्घटना भएको छ । दुर्घटनामा परी म्याजिकमा सवार पाँच जना घाइते भएका छन् ।

घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । बुधबार दिउँसो ४ बजेको समयमा चन्द्रगढीबाट यात्रु बोकेर चारआलीतर्फ जाँदै गरेको प्र-१-०१-००१ ज ३६५८ नम्बरको म्याजिक भ्यान र चन्द्रगढीतर्फ आइरहेको प्र-०१-००१ त ९६४७ नम्बरको ट्र्याक्टर एकआपसमा ठोक्किएका थिए ।

भद्रपुर- १० स्थित छाता चोकनजिकै भएको दुर्घटनामा परी पाँच जना घाइतेलाई उपचारका लागि अस्पताल पठाइएको प्रहरीले जनाएको छ । प्रहरीले म्याजिक भ्यान र ट्र्याक्टर नियन्त्रणमा लिएको छ ।

गायिका एलिना चौहानले गरिन् विहे

झापा(प्रस)। गायिका एलिना चौहानले प्रेमी विष्णु सापकोटासँग बुधवार बिर्तामोडमा विवाह गरेकी छन् ।

मंगलवार उनको हल्दी र मेहेन्दी समारोह गरिएको थियो । बुधवार बिर्तामोडको बिर्ता पार्टी प्यालेसमा उनको विवाह हुन भएको हो ।

बिर्तामोड ४ निवासी एलिनाको सोही पार्टी प्यालेसमा हल्दी र मेहेन्दी समारोह भएको थियो ।

मेहेन्दी उत्सवमा उनी निकट साथीभाइ र आफन्त उपस्थित थिए ।

विवाह स्थल बिर्ता पार्टी प्यालेस भव्य सजाइएको थियो । बुधवार विहान एलिनाको भाईको ब्रतवन्धपछि दिउँसो विवाह भएको हो ।मेहेन्दी उत्सवमा एलिना निकट गायिकाहरु मेलिना मैनाली र एन्जिला रेग्मी, मोडल रुविना अधिकारी, जुम्ल्याह मोडल स्मारिका र समारिका पनि रहेका थिए । बेहुला विष्णु सापकोटा जन्ती लिएर बागलुङ बजारबाट मंगलवार नै हिंडिसकेका थिए।मंगलवार नै उनी झापा आइपुगेका थिए । लामो समयदेखिको प्रेमलाई यी दुईले विवाहमा परिणत गरेका हुन् ।

बालकसहित..

छ। झडपका क्रममा केही प्रदर्शनकारी पक्राउ परेका छन्।' रामनवमीको अवसरमा निकालिएको ऱ्याली रानी क्षेत्रमा पुगेपछि तनावको स्थिति सिर्जना भएको थियो। ऱ्याली घुमेर रामजानकी मन्दिरमा कोणसभा गर्न जाने क्रममा दुई पक्षबीच विवाद बढ्दै गएपछि झडपको स्थिति सिर्जना मोरङ प्रहरीका प्रवक्ता डिएसपी ज्ञानेन्द्र बस्नेतले जानकारी दिए।

विराटनगर-१३ र १५ बाट रामनवमीको अवसरमा एउटा समुदायले निकालेको ऱ्याली विराटनगर बजार परिक्रमापछि रामजानकी मन्दिर नजिक पुगेर कोणसभामा परिणत हुने कार्यक्रम थियो।

तर, रानी रोड, हनुमान मन्दिर, आइसिपी रोड, छाला फ्याक्ट्री र मण्टा पोखरी हुँदै गएको ऱ्यालीलाई अर्को समुदायले अवरोध गरेपछि तनाव सुरु भएको प्रहरीले जनाएको छ।

सडेको अवस्थामा शव फेला



झापा(प्रस) । मोरङको लेटाङ-१ को जङ्गलमा एक जनाको शव फेला परेको छ । लेटाङ -१ को कात्तिके भन्ने ठाउँनजिकै सुँगुरलाई चारो खोज्न जङ्गल गएका स्थानीयले चेपाहा खोल्सीमा सडेको शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।लेटाङ-१ का वडाध्यक्ष विष्णु मगरसहित इलाका प्रहरी कार्यालय लेटाङको प्रहरी टोली घटनास्थल पुगेको थियो । इलाका प्रहरी कार्यालय लेटाङका प्रहरी निरीक्षक भीमलाल ओलीले शव नचिनिने अवस्थामा रहेकाले पहिचान हुन नसकेको बताए । कोही मानसिक सन्तुलन गुमेको व्यक्ति हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । 'तर अनुसन्धान नगरी यसै भन्न सकिन्न' उनले भने । शवलाई पोष्टमार्टमका लागि उर्लाबारी-३ स्थित मदन भण्डारी ट्रमा सेन्टरमा पठाइएको छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

वृष आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । व्यवसायमा गरिएको लगानीमा मन्दी

मिथुन धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ । जटिल ठानिएको सम्पादन

कर्कट आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

सिंह सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु

कन्या रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । रोकिएका

तुला आफन्तसँग मनमुटाव बढ्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ ।

वृश्चिक हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

धनु आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । चिताएको कामले तीव्रता लिनेछ

मकर आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा

कुम्भ आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ । व्यापार

मिन आज शुभकार्यको चर्चा चल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।